# तादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# खरानीटार, नुवाकोट

आ.व २०७८/०७९ को

नीति तथा कार्यक्रम

**सम्मानित सभाका सदस्यज्यूहरु,**

सर्वप्रथम म नेपालमा भएका प्रजातान्त्रिक तथा लोकतान्त्रिक आन्दोलनहरुमा शाहदत् प्राप्त गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै वेपत्ता तथा घाइते नागरिकहरुप्रति हार्दिक आदरभाव प्रकट गर्न चाहन्छु। मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनको कठिन परिस्थितिमा त्याग तथा नेतृत्व गर्नुहुने आदरणीय अग्रज राजनीतिज्ञहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु। साथै यस गाउँपालिकाको सम्बृद्धिका लागि हरसमय प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने राजनैतिक दलहरु, विभिन्न संघ संस्था र व्यक्तिहरु प्रति सम्मान व्यक्त गर्न चाहन्छु।

यस नवौं गाउँसभामा गाउँपालिकाको तर्फबाट गाउँपालिकाको समष्टिगत दिगो विकासको लागि आ.व २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस गरिमामय सभामा यहांहरु सामु उपस्थित हुन पाउँदा आफूलाई गौरवान्वित महशुस गरिरहेको छु। गाउँपालिकाको दिगो विकासको मार्गचित्ररुपी यो नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई ज्यादै खुशी लागेको छ। मलाई आशा एबं विश्वास छ की यो नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन मार्फत हामीले देखेको आत्मनिर्भर, समुन्नत र समुद्ध तादीको सपना साकार हुनेछ। नेपालको संबिधानले स्थानीय तहलाई स्थानीय सरकारको रुपमा अधिकार प्रदान गरेको परिप्रेक्षमा हामीले यस क्षेत्रका जनतालाई नजिकको सरकारको अनुभुति दिलाउनु तपाई हामी सबैको जिम्मेवारी र दायित्व रहेको म अवगत गराउन चाहान्छु।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसका कारण हामीहरुले एकै पटक मानवीय र आर्थिक संकटको सामना गर्नु परेको छ। एकातिर स्वास्थ्य संकटबाट उत्पादन व्यापारसँगै नेपालको अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको छ भने अर्कोतिर रोजगारीका अवसरहरु गुमेर अधिकांश व्यक्ति बेरोजगारी छन्। एकातिर कोरोना भाइरस रोकथाम, नियन्त्रण, उपचार एव्म जनतालाई राहत तथा श्रमिकलाई रोजगार प्रदान गर्न बजेटको ठूलो हिस्सा लगानी गर्नु पर्ने अवस्था छ भने अर्को तर्फ संघीय सरकार र प्रदेश सरकारहरुबाट प्राप्त हुने स्रोतको सुनिश्चिततामा कमी आएको छ। आन्तरिक आय समेत विगत वर्षको भन्दा खासै बढन सक्ने अवस्था देखिएको छैन। यसका बावजुद पनि हामी आगामी वर्षको वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने कार्यमा कटिवद्ध छौं।

तादी गाउँपालिका क्षेत्रमा विकासका प्रशस्त संभावनाहरु रहेका छन। यहांको भौगोलिक तथा सांस्कृतिक विविधता, कला र संस्कृतिको सुसम्पन्नता संगै प्राकृतिक श्रोत साधनको प्रचुरता जस्ता विशिष्टताहरुको सुव्यवस्थित र योजनाबद्ध उपयोगद्धारा तादीबासीहरुको जीवनमा देखिने गरी सकारात्मक परिवर्तन ल्याउन प्रस्तुत नीति तथा कार्यक्रमले महत्वपुर्ण योगदान गर्ने छ भन्ने मैले पुर्ण विस्वास लिएको छु।

निर्वाचित भएर आए पश्चात हामीले भौतिक पुर्वाधार तर्फ उल्लेख्य प्रगति गरेको महशुस गरेका छौं। यि पूर्वाधारका आयोजनाहरुको स्तरोन्नति गर्न सकेमा मात्र यसले दीगो रुपमा प्रतिफल दिनेछ। प्रसस्त सम्भावनाका बावजुद पनि कृषि, उद्योग, पर्यटन जस्ता क्षेत्रको अपेक्षित विकास गर्न नसकेको यथार्थ हामी सामु छ। बिशेष गरी गाउँपालिकाको भौगोलिक रुपमा विकट क्षेत्र र पिछडिएको समुदायमा बिद्यमान गरिबी न्युनिकरण गर्ने, बेरोजगारी घटाउने, स्वास्थ्य सुबिधाको विस्तार र गुणस्तरिय शिक्षामा सबैको पहुंच सुनिश्चित गर्ने जस्ता पक्षमा हाम्रा स्रोत साधनहरुलाई परिचालन गर्न आवश्यक देखिन्छ। विकासको मुख्य संभावनाको रुपमा रहेको प्राकृतिक श्रोत साधन, सांस्कृतिक विविधता,

पर्यटकिय संभाव्यता कृषि तथा पशुपालन व्यवसाय लगायत आर्थिक रुपमा सक्रिय जनसंख्याको उपयोग नै तादी गाउँपालिकाको विकासको ढोका खोल्ने माध्यम रहेका छन ।

**सम्मानित सभाका सदस्यज्यूहरु :**

अब म आ.व. ०७८।०७९ का लागि गाउँपालिकाले अबलम्बन गर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु:

संघीय तथा प्रदेश सरकारबाट आ.व. ०७८।०७९ का लागि प्रस्तुत गरिएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका अतिरिक्त यस गाउँपालिकाकाले निम्न बमोजिमका नीतिहरु तयार गरेको छ :

## (क) आर्थिक विकास सम्वन्धी नीतिहरु :-

### *(क१) कृषि तथा पशुपंक्षी विकास*

- निर्वाहमूखी कृषि प्रणालीलाई व्यवसायीकरण गर्नका लागि उन्नत विउ विजन, मलखादको व्यवस्था गर्ने नीति लिइनेछ ।
- हानिकारक विषादी प्रयोग गरी उत्पादन भएका तरकारी तथा अन्य उत्पादित खाद्यान्नको विक्रि वितरणमा रोक लगाईने छ ।
- कृषिजन्य विषादी नियन्त्रणका लागि अभियानमुलक कार्यक्रमहरु संचालन गर्दै प्रङगारिक खेती प्रणालीलाई बढवा दिई अर्गानिक गाउँ टोल घोषणामा जोड दिइनेछ साथै जैविक विषादी एवं प्रांगारिक मलको प्रयोग गरी उत्पादन हुने तरकारी वजारको खोजी गरी विक्रि वितरणमा सहजीकरण गरिने छ ।
- खाद्यान्न तथा तरकारी उत्पादन बृद्धि गर्न खेतीयोग्य क्षेत्रमा सिंचाई सुविधा विस्तार गर्दै जाने नीति लिइने छ साथै संचालित सिंचाई कुलोहरुको मर्मतका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- कृषकहरुलाई आधुनिक नगदेबाली तथा फूलखेती खेती तर्फ प्रोत्साहन गर्न स्थानीयस्तरमै कृषि उपज बजार केन्द्रको स्थापनामा जोड दिइनेछ । यसकै प्रवर्द्धनका लागि वडा नं. ४ मा निर्माणाधिन शीत भण्डारणको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ ।
- स्थानीय कृषकलाई स्थानीय तहमै बिउ उत्पादन गर्ने वातावरण सिर्जना गर्न कृषकहरुलाई अनुदान प्रदान गर्नुको साथै उन्नत विउ विजन वितरण गरिनेछ । स्थानीय रैथाने बिउको प्रयोग गरी खेति गर्ने कृषकका लागि बिउ खरिदमा अनुदानको व्यवस्था मिलाइनेछ ।
- कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिई कृषि व्यवसायको आधुनिकिकरण, यन्त्रिकिकरण र बजारीकरणमा जोड दिईने छ । कृषकहरुलाई मागको आधारमा संघीय सरकार, प्रदेश सरकार तथा निजी क्षेत्रसँग समन्वय गरी कृषि औजार तथा यन्त्रहरु उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

- गाउँबासीहरुमा ब्यापक रोजगारीको सृजना गर्न एक वडा एक उत्पादन सहितको पकेट क्षेत्रको नीति सहित विशेष कार्यक्रम सञ्चालन गरिनेछ। आगामी आ.व. मा नमूनाका रुपमा एक/एक वटा वडालाई कृषि पकेट क्षेत्र र पशु पकेट क्षेत्रका रुपमा विकास गरिनेछ।
- माटो सुहाउँदो बाली विकासका लागि माटो परीक्षण गर्ने मेशिन खरीद भई सकेकाले आगामी आ.व.बाट माटो परीक्षण कार्यको शुरुवात गरिनेछ।
- खेतीयोग्य जमीन बाँझो राखेमा जरिवाना गरिनेछ भने उत्पादनमा संलग्नलाई अनुदान दिने नीति अबलम्बन गरिनेछ।
- वडा नं. ३ को डाँडागाउँ र वडा नं. ५ को बाहुनवेंशीमा अवस्थित तरकारी संकलन केन्द्रहरुको आवश्यक मर्मत सम्भार गरी नियमित सुचारु गराइनेछ।
- पशु स्वास्थ्य प्राविधिकलाई किसानको पहुँचसम्म पुऱ्याइ पशुधनको क्षति न्यूनिकरणका लागि रोग नियन्त्रण गर्न खोप कार्यक्रम सञ्चालन गरिनेछ।
- स्वस्थ मासुको बिक्री वितरणलाई प्रभावकारी बनाउन अनुगमनको व्यवस्था मिलाइनेछ।
- गाई, भैसी, बाखा, बंगुरको कृत्रिम गर्भधानद्वारा नश्ल सुधार गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- पशुपन्छीको प्राथमिक उपचारको लागि औषधी वितरण तथा प्रयोगशालाको व्यवस्था मिलाउने नीति लिइनेछ।
- कृषि तथा पशु उत्पादनबाट कृषकहरु लाभान्वित गराउनको लागि स्थानीय हाट बजारको व्यवस्थापन तथा बजारीकरणलाई प्रोत्साहित गरिनेछ।
- रेविज रोग नियन्त्रण गर्न छाडा भुस्याहा कुकुरहरुलाई खोप लगाउन स्थानीय टोल विकास संस्था, क्लब तथा सामुदायिक संघ संस्थासँग सहकार्य गरिने छ।

***(क२) उद्योग तथा वाणिज्य***

- कोभिड १९ का कारण शिथिल बनेका रोजगारीका अवसरलाई ब्युँत्याउन गाउँपालिका क्षेत्रमा घरेलु तथा साना उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ।
- व्यवसाय दर्ता, नविकरण कार्यलाई प्रभावकारी बनाउँदै दर्ता भएका व्यवसायको अनुगमन गरी व्यवस्थित रुपमा सञ्चालनको प्रत्याभूत गरिनेछ।
- स्थानीय स्तरका व्यवसायबाट उत्पादित वस्तुहरु उपभोक्ताको हकहित अनुसार भए नभएको रेखदेख, अनुगमन तथा नियमन गर्ने व्यवस्था गरिनेछ।
- उद्यमी तथा अन्य लाभग्राहीहरुको क्षमता विकास एवं उनीहरुको बैंकसँगको पहुँचका लागि आवश्यक सहजीकरण गरिनेछ।

- संघ तथा प्रदेश सरकारसँगको समन्वयमा औद्योगिक विकासको लागि आवश्यक सडक र अन्य पूर्वाधारको विकास र विस्तारको पहल गरिनेछ ।

*(क३) संस्कृति तथा पर्यटन प्रवर्द्धन*

- गाउँपालिकालाई कृषि तथा पर्या पर्यटनको गन्तव्य स्थलको रुपमा विकास गर्दै लगिनेछ ।
- विविधता वीचको एकता कायम गर्दै विविध सांस्कृतिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिने छ ।
- विभिन्न जात जातिहरुको भेषभुषा र संस्कृतिको संरक्षण गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- गाउँपालिका भित्र भएका ऐतिहासिक, पुरातात्विक, धार्मिक, पर्यटकीय सम्पदा, मठ मन्दिर, गुम्बा, पाटी, पौवा, सत्तल, कुवा, पधेरो, ढुङ्गेधारा, मरनघाट जस्ता सम्पदाहरुको पुर्ननिर्माण तथा संरक्षण गरिनेछ ।
- गाउँपालिकाको उपयुक्त स्थानमा सांस्कृतिक महोत्सव आयोजना गर्न प्रोत्साहन एवम् पहल गरिनेछ ।
- पर्यटकीय स्थल र सम्पदाको संरक्षण, सम्वर्धन गरी पर्यटकीय सेवा सुविधाको विकास र विस्तार गरिनेछ ।
- निजी क्षेत्र र समुदायसँगको साझेदारीमा पर्यटन विकास कार्यहरु संचालन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका पर्यटकिय संभावनाका क्षेत्रहरुमा पर्यटकिय पुर्वाधारहरु निर्माण गरी आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउन प्रबर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ । यसको पहिलो चरणमा वडा नं. ४ मा अवस्थित बाघमारालाई पर्यटकीय स्थलका रुपमा विकास गरिनेछ ।
- स्थानीय संस्कृति एवं रितीरिवाजको प्रवर्द्धन सहित बाघमारा, चिलाउने गाउँ, काल्चे आदी स्थानमा होमस्टे कार्यक्रम संचालन गर्न प्रोत्साहन एवं पहल गरिनेछ ।

*(क४) सहकारी, बैंक तथा वित्तीय सेवा*

- सहकारी संस्थाहरुको दर्ता तथा नविकरणका लागि आवश्यक कानून बनाई लागू गरिनेछ । साथै यस क्षेत्रको विकास र प्रवर्द्धनका लागि सहकारी संस्थाहरुको क्षमता विकास र ब्यवसायीकरणमा जोड दिईनेछ ।
- गाउँपालिका भित्र रहेका सहकारी तथा वित्तिय क्षेत्रहरुसँग सहकार्य गरी उत्पादनमूलक कार्यक्रममा लगानीमैत्री वातावरण सिर्जना गर्नुका साथै सहकारीहरुवीच एक आपसमा गाभ्ने नीति लिइनेछ ।

- गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका सबै विषयगत सहकारी संघ संस्थाहरुसँग समन्वय गरी लक्षित वर्गका लागि सीप विकास तथा उद्यमशीलता विकास सम्बन्धी तालिमहरु संचालन गरी गरिवी र बेरोजगारी दर घटाउने तर्फ आवश्यक पहल गरिनेछ ।
- सहकारीहरुको कुल बचतको निश्चित प्रतिशत रकम कृषिजन्य कार्यमा लगानी गर्ने नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र संचालित बित्तीय संस्थाहरुलाई विपन्न र पिछडिएको समुदायमा परिचालन गर्न प्रोत्साहन गर्नुका साथै बैंकिङ लगानी कृषि क्षेत्रमा बृद्धि गर्न पहल गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्र बैंक तथा वित्तीय संस्था स्थापना तथा विस्तारका लागि पहल गरिनेछ ।

***(क५) श्रम तथा रोजगारी***

- गरिब, असहाय तथा विपन्न परिवार, दैनिक कमाइ गरी जीविकोपार्जन गर्ने व्यक्ति तथा कोभिड १९ का कारणले रोजगारी गुमाएका व्यक्तिहरुलाई लक्षित गरी संचालन गरिएको श्रममा आधारित रोजगारी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सीपलाई प्रवर्द्धन गर्ने उद्देश्यले स्थानीयस्तरमा उक्त सीपको सदुपयोग गर्दै निजहरुले पशुपालन, कुखुरा पालन, बँगुर पालन र तरकारी खेती जस्ता व्यवसाय संचालन गर्न चाहेमा विकास साझेदारहरुसँगको सहकार्यमा आवश्यक प्राविधिक सेवा उपलब्ध गराइनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचिकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी उपलब्ध गराउँदै लगिनेछ । साथै उक्त कार्यक्रमलाई थप प्रभावकारी बनाउन गाउँपालिकाको समेत लागत सहभागिता हुने गरी अध्यक्ष रोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

***(क६) बाह्य क्षेत्र***

- अन्तराष्ट्रिय गैरसरकारी संस्था, नियोग तथा स्वदेशी लगानीकर्ताले गाउँ क्षेत्रमा विशेष लगानी तथा विकास आयोजना सञ्चालन गर्न चाहेमा त्यस्ता सस्थालाई स्वागत गर्दै लगानीमैत्री वातावरण सृजना गरिनेछ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैसस तथा दातृ निकायहरुलाई कोभिड १९ तथा अन्य विपद्को रोकथाम तथा नियन्त्रण एवं यसबाट श्रृजित भएका बेरोजगारीलाई सम्बोधन गर्ने खालका क्षेत्रमा काम गर्न विशेष अनुरोध गरिनेछ ।

## (ख) सामाजिक विकास :-

*(ख१) शिक्षा*

- कोभिड १९ का कारण विद्यालय बन्द रहेको अवस्थामा नेपाल सरकार तथा गाउँपालिकाले तोकेका मापदण्ड बमोजिम बैकल्पिक माध्यमबाट पठन पाठन सुचारु गर्न आवश्यक सहजीकरण गरिनेछ ।
- सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत क्षमता अभिबृद्धि र विद्यालयको भौतिक तथा शैक्षिक सुधार गरी गुणस्तरीय शिक्षाको विकास गरिनेछ ।
- सामुदायिक तथा संस्थागत विद्यालयमा सञ्चालित शैक्षिक क्रियाकलापको वैज्ञानिक र व्यवस्थित तवरले अनुगमन, नियमन र मुल्याङ्कन गरी क्षमता विकास गरिनेछ ।
- सामुदायिक विद्यालयलाई पठन पाठनको आकर्षणको केन्द्र बनाई विद्यालय वातावरणलाई प्रविधिमैत्री, विद्यार्थीमैत्री, शान्तिमैत्री र विभेद रहीत बनाइनेछ ।
- सामुदायिक विद्यालयका शिक्षकहरुलाई आफ्नो पेशाप्रति जिम्मेवार बनाउन पुरस्कार र दण्डको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन  गरिनुका साथै विद्यार्थीको शैक्षिक उपलब्धीका आधारमा उत्कृष्ट शिक्षकहरु र विद्यालयललाई  पुरस्कृत गर्ने नीति लिइनेछ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत उत्पीडित, असहाय, सिमान्तकृत, अभिभावक विहिन, आर्थिक अवस्था कमजोर भएका अल्पसंख्यक तथा जेहेन्दार बिद्यार्थीहरुलाई दिइने छात्रवृत्तिलाई निरन्तरता दिइनेछ ।
- प्रत्येक वडामा बालक्लव गठन एवं तिनीहरुको क्षमता विकास गरी बालअधिकारका क्षेत्रमा रचनात्मक क्रियाकलाप सञ्चालन गर्न उत्प्रेरित गरिने छ ।
- संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरिसकेकाले सबै बासिन्दालाई शिक्षाको पहुँच अभिवृद्धि गर्नका लागि भर्ना अभियानलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना हुन प्रोत्साहित गर्नुका साथै विद्यालय छाडने दरलाई न्यूनिकरण गरिनेछ ।
- सबै सामुदायिक माध्यामिक विद्यालयहरुमा चालु आर्थिक वर्ष भित्र विद्युतीय हाजिरीको व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ ।
- सामुदायिक विद्यालयका विषयमा खुल्ला सार्वजनिक सुनुवाई गरी शिक्षकहरुलाई समाज र पेशाप्रति उत्तरदायी बनाइनेछ ।
- विद्यालयहरुमा आधारभूत तहसम्म मातृभाषामा शिक्षा प्रदान गर्न क्रमागत रूपमा आवश्यक व्यवस्था गर्दै लगिनेछ ।
- वातावरणमैत्री विद्यालय बनाउने अभियानका रुपमा सबै सामुदायीक विद्यालयमा फुलवारी वनाउन तथा वृक्षारोपण गरी सौन्दर्यीकरण गर्ने कार्यको सुरुवात गरिनेछ ।

- विद्यार्थीको क्षमता/प्रतिभा विकासका लागि खेलकुद जगतका भौतिक क्षेत्रको विकास गर्दै विविध विधाका खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रत्येक वर्ष सबै वर्गको पहुँच र सहभागिता सुनिश्चित गर्दै गा.पा. स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरी उत्कृष्ट खेलाडीलाई पुरस्कार तथा सम्मान गरिनेछ ।
- स्थानीयको माग र आवश्यकताका आधारमा विद्यालयको नक्साङ्कन र समायोजन गरिनेछ ।
- संघीय तथा गाउँपालिकाको मापदण्डलाई आधार मानी सामुदायिक विद्यालयको शैक्षिक दरबन्दी पुनर्वितरण र मिलान गर्ने नीति लिइनेछ ।
- जोखिममा परेका बालबालिकाहरुको विद्यालय छाडने दर बढी देखिएकाले उनीहरुलाई विद्यालयमै आवासीय रुपमा व्यवस्थापन गरी निरन्तर शिक्षा दिने नीति लिइनेछ ।
- पालिकाभित्रका प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मका बालबालिकाहरुलाई दिवा खाजा कार्यक्रमको साप्ताहिक मेनु निर्धारण गरी स्थानीयस्तरमा उपलब्ध पोषणयुक्त र स्वस्थ्कर खाजा खुवाउन घरेलु उत्पादनमा आधारित दिवा खाजा कार्यक्रमको ढाँचा बनाइनेछ र विद्यालय परिसरभित्र जंक फुड (पत्रु खाना) पूर्ण रुपमा निषेध गर्ने नीति लिइनेछ ।
- दिवा खाजा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न एक जना सम्पर्क शिक्षक तोक्ने साथै निजी क्षेत्र, स्थानीय गैसस तथा अन्य निकायसँग समन्वय गरी व्यवस्थापनमा देखिएका समस्यालाई क्रमशः सुधार गर्दै जाने नीति लिइनेछ ।
- वडा नं. ४ स्थित सुन्दरादेवि मा.वि.मा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को सम्बन्धनमा कृषि प्राविधिक शिक्षाको सुरुवातका लागि आवश्यक पहल गरिनेछ ।

***(ख२) जनस्वास्थ्य***

- विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड १९ रोगको रोकथाम तथा उपचारमा विशेष ध्यान दिई यसका लागि जनचेतनामूलक कार्यक्रम संचालन, स्वास्थ्य सहायता कक्ष संचालनको निरन्तरता, सम्भावित जोखिम वा लक्षण देखिएका व्यक्तिहरुको परीक्षण तथा आइसोलेशन व्यवस्थापन जस्ता कार्यहरुलाई निरन्तरता दिइनेछ ।
- कोभिड १९ को रोकथाम तथा उपचारका लागि आवश्यक पर्ने तथा भविष्यमा यस्ता महामारी आइलागेमा सहज रुपमा व्यवस्थापन गर्ने उद्देश्यले विकास साझेदारहरुसँगको सहकार्यमा चेतनामूलक कार्यक्रम, स्वास्थ्य चौकीहरु र क्वारेन्टाइन स्थलहरुमा खानेपानी तथा सरसफाई सुविधा अभिबृद्धि गरिनेछ साथै स्वास्थ्य सुशासनका विभिन्न क्रियाकलापहरु संचालन गरिनेछ ।
- एम्बुलेन्स सेवालाई विस्तार गर्न थप एक वटा एम्बुलेन्स खरीद गरी परिचालन गरिनेछ ।
- नेपाल सरकारबाट निःशुल्क प्रदान गरिने औषधीहरु सबै गाउँबासीहरुको पुहँचमा पुऱ्याइनेछ ।
- स्वास्थ्य चौकी अन्तर्गत सञ्चालनमा रहेका गाउँघर क्लिनिक कार्यक्रमलाई ज्येष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण नियमिता दिइनेछ ।

- आर्युर्बेद स्वास्थ्य उपचार पद्दतीलाई प्रोत्साहित गर्दै घरेलु तहमा नै सामान्य प्राथमिक उपचारको लागि सक्षम गराइनेछ ।

- विपन्न वर्गका गर्भवती महिलाहरुलाई पोषण कार्यक्रम संचालन गरिनेछ । सुत्केरी पोषण कार्यक्रमलाई अझ प्रभावकारी वनाई वजेटको व्यवस्था सहित कार्यान्वयन गरिने छ ।

- खरानीटार अस्पताल तथा प्रसुति सेवा केन्द्रमा वच्चा जन्माउने सुत्केरीको लागि निःशुल्क एम्वुलेन्स सेवा उपलव्ध गराइने व्यवस्थालाई निरन्तरता दिइनुका साथै निजहरुलाई विगत देखि दिईंदै आएको प्रोत्साहन भत्ताको अतिरक्त गाउँपालिकाबाट थप दुई हजार प्रोत्साहन भत्ता दिइनेछ ।

- खरानीटार अस्पताललाई सुविधायुक्त अस्पतालको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ ।

- अन्य सरकारी तथा गैरसरकारी अस्पताल, स्वास्थ्य संस्थासँग समन्वय गरी घुम्ती स्वास्थ्य शिविरहरु संचालन गरिनेछन् ।
- पालिका क्षेत्रभित्र असहाय वा वेवारिस व्यक्तिको मृत्यु भएमा निजहरुको अन्तिम संस्कारको व्यवस्था पालिकाले नै गर्ने व्यवस्था मिलाइनेछ ।
- पोष्टमार्टम गर्नु पर्ने प्रकृतिका शवहरुको पोष्टमार्टम कार्य खरानीटार अस्पतालमा गर्ने व्यवस्था मिलाइनेछ ।
- विपन्न वर्गका नागरिकहरुलाई स्वास्थ्य उपचारमा सहयोग गर्नका लागि स्थापना गरिएको औषधी उपचार कोषलाई निरन्तरता दिइनेछ ।
- आगामी आ.व. देखि रालुका देवि स्वास्थ्य चौकीमा आवश्यक जनशक्ति र उपकरण सहित बर्थिङ सेन्टर सञ्चालनमा ल्याइनेछ ।
- कोभिड १९ का कारण मृत्यु हुने गाउँपालिकाबासीको अन्तिम संस्कारका लागि निःशुल्क शवबाहन र अन्तिम संस्कारको व्यवस्था मिलाइनेछ ।

### *(ख३) खानेपानी तथा सरसफाई*

- **"स्वच्छ र सफा पिउने पानी : स्वस्थ जिन्दगानी"** लाई सफलीभूत पार्न गाउँपालिकाका सबै बस्ती र समुदायमा एक घर एक धाराको नीति अनुरुप स्वच्छ र सफा पिउने पानी उपलब्ध गराईने कार्यलाई निरन्तरता दिइनेछ ।

- खानेपानी तथा सरफाई गुरुयोजना अनुरुप खानेपानीका योजनाहरु संचालन गरिनेछ साथै विकास साझेदारहरुसँगको साझेदारीमा थप नयाँ खानेपानी योजनाहरु संचालन गर्न पहल गरिनेछ ।

- खानेपानीका मुहानको संरक्षणका लागि मुहान आसपासमा उपयुक्त मापदण्ड बनाइ रिचार्ज पोखरीको अवधारणा ल्याइनेछ ।

- आवश्यक कानून बनाई हालसम्म दर्ता नभएका तथा नयाँ खानेपानीका मुहान दर्ता गर्ने कार्यको शुरुवात गरिनेछ ।
- खानेपानीका उपभोक्ता समितिहरुलाई गुणस्तरीय र नियमित सेवा प्रवाहप्रति जिम्मेवारी बनाउँदै वातावरण तथा सरसफाई प्रति पनि उत्तिकै उत्तरदायि बनाउने नीति अबलम्बन गरिनेछ ।
- गाउँपालिका भित्र सञ्चालित क्रमागत खानेपानीका योजनाहरुलाई यथाशिघ्र सम्पन्न गरिदै लगिनेछ ।
- सम्भावित प्राकृतिक प्रकोपलाई मध्यनजर राख्दै ठुला प्रकृतिका खानेपानी योजनाहरुको प्रमुख संरचनाको बिमा गर्न उपभोक्ता समितिहरुलाई प्रोत्साहन एवं सहजिकरण गरिनेछ ।
- अन्य दातृ संस्था समेतको सहयोगमा खरानीटार बजार र बानियाँटारमा डिप बोरिङ गरी खानेपानी आपूर्तिको व्यवस्था मिलाउन पहल गरिनेछ ।

### *(ख४) युवा, खेलकुद तथा मनोरञ्जन*

- युवाहरुलााई लक्षित गरी खेलकुदलाई जीवनको अभिन्न अङ्गको रुपमा लिनु पर्ने सन्देशलाई साकार गर्न गाउँपालिका क्षेत्रभित्रका युवाहरुलाई खेलकुदको क्षेत्रमा क्रियाशील गराउन अध्यक्ष कप खेलकुद प्रतियोगिता अन्तर्गत विविध विधाका खेलकुद कार्यक्रमहरु आयोजना गरिनेछन् ।
- गाउँपालिका क्षेत्रभित्रका युवाहरुको सिर्जनशिलता विकासको लागि युवा क्लव गठन गरी विकास निर्माणका कार्यमा परिचालन गर्ने नीति लिइनेछ ।
- गाउँपालिकाको आर्थिक र सामाजिक बिकासमा युवालाई जिम्मेवार बनाउन स्वयंमसेवा कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।
- विविध विधाका खेलप्रति रुचि भएका युवाहरुको प्रतिभा पहिचानका कार्यको शुरुवात गरिनेछ ।
- प्रत्येक वडामा न्यूनतम एक वटा खेल मैदान बनाउने नीति अबलम्बन गरिनेछ ।

### *(ख६) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण*

- कोभिड १९ को महामारीका कारण रोजगारी गुमाएका श्रमिक, साना किसान, असहाय व्यक्ति, गरिब तथा विपन्न वर्गका परिवारलाई लक्षित गरी शिक्षा, स्वास्थ्य, सीप विकास तालिम र रोजगारी एवं आय आर्जन सम्बन्धी विशेष कार्यक्रम संचालन गरिनेछन् ।
- लैङ्गिक हिंसा, घरेलु हिंसा, मानव बेचबिखन लगायतका सबै किसिमका हिंसाहरुको अन्त्यको लागि बिभिन्न सचेतनामुलक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाभित्र देखिएका जातीय विभेद तथा छुवाछुत सम्बन्धी सामाजिक, सांस्कृति र आर्थिक कुरीति र अभ्यास हटाउने अभियान वडा कार्यालयहरु मार्फत शुरुवात गरिनेछ साथै  बालश्रम,

बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सी, छुवाछुत प्रथा, घरेलु हिँसा उन्मुलनका लागि अभियान तथा चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

- महिलाहरुको स्वास्थ्य संवेदनशीलतालाई मध्यनजर गर्दै **"महिलासंग उपाध्यक्ष"** कार्यक्रम मार्फत महिला प्रजनन स्वास्थ्य सम्वन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विकास साझेदारहरुसँगको समन्वय र सहकार्यमा दलित, जनजाति तथा आदिवासीहरुको जीवनस्तरमा सुधार ल्याउन आयआर्जन र सीप विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- बालश्रम न्यूनिकरण, बाल शोषण अन्त्य, घरेलु बालश्रमिकको पुनःर्स्थापना तथा जोखिममा परेका बालबालिकाहरुको पुनस्थापना गरी यस गाउँपालिका क्षेत्रलाई बालश्रम उल्मुलन क्षेत्र घोषणा गर्ने गरी नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी र पारदर्शी ढङ्गले सञ्चालन तथा अनुगमन गर्ने व्यवस्था मिलाइने छ ।
- सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ प्रणाली मार्फत गरिने कार्यलाई निरन्तरता दिइनेछ साथै बैंकसम्म आउन समस्या परेका लाभग्राहीहरुलाई सहज रुपमा भत्ता वितरण गर्न बैंकलाई अनुरोध गरिनेछ ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यलाई निरन्तरता दिँदै लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्य योजना क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।
- लैंगिकमैत्री, अपांगमैत्री, बालमैत्री स्थानीय तह प्रोत्साहन हुने खालका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- भूमि तथा समस्या समाधान आयोगको समन्वयमा गाउँपालिका क्षेत्रभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको व्यस्थित बसोबासका लागि जग्गा धनीपूर्जा सहित आवश्यक बसोबासको व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।
- संघीय तथा प्रदेश सरकारको आ.व २०७८/०७९ का लागि तय गरेको जेष्ठ नागरिक, जोखिममा परेका समुदाय तथा विपन्न वर्ग र लघु तथा साना उद्यमि व्यावसायिका लागि लक्षित गरेका मुख्य नीति तथा कार्यक्रमहरुको कार्यान्वयन तथा सहजीकरण गरिनेछ ।

***(ख७) न्यायिक कार्य सम्बन्धी***

- विवादको निरुपण गर्दा सम्भब भए सम्म मेलमिलापलाई प्राथमिकता दिइ दुवै पक्षको सहमतीमा मिलापत्र गर्न प्रोत्साहन गरिनेछ ।
- विवादको सम्बन्धमा न्यायकर्ता सदस्यहरुको कुनै पनि प्रकारको स्वार्थ रहेमा त्यस्तो व्यक्तिले विवादको कार्वाही किनारा लगाउन पाउने छैन ।

- न्यायिक समितिले मुद्धा तथा विवादको सुनुबाइको क्रममा आबश्यकता अनुसार सम्बन्धित बिज्ञ र सरोकारवालाहरुको साहयता लिईनेछ ।

- वडास्तरमा रहेका मेलमिलाप केन्द्रहरुलाई क्रियाशील बनाइनेछ साथै मेलमेलिपकर्ताहरुको क्षमता विकासका क्रियाकलापहरु संचालन गरिनेछ ।

- न्यायिक समिति तथा मेलमिलाप केन्द्रबाट भएको निर्णयको लगत व्यवस्थित र सुरक्षित रुपमा अभिलेख राख्ने व्यवस्था गरिनेछ ।

*(ख८) कोभिड १९ बाट श्रृर्जित संकट व्यवस्थापन सम्बन्धी*

- आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरहरुलाई रोजगारी उपलब्ध गराउन श्रममूलक प्रविधिको प्रयोग गरी पूर्वाधारका योजना संचालन गरिनेछ ।

- संघीय सरकारले प्रदान गर्ने जोखिम भत्तामा दोहोरो नपर्ने गरी कोभिड १९ मा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई आवश्यकता अनुसारका व्यक्तिगत सुरक्षण सामग्री र जोखिम भत्ता उपलब्ध गराइनेछ ।

- कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि विकास साझेदारहरु समेतको सहकार्यमा विभिन्न जनचेतनमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- संस्थागत आइसोलेसन व्यवस्थापन तथा ट्रेसिङमा परेका र अन्य संकास्पद व्यक्तिको पिसिआर र एन्टिजेन्ट परीक्षणलाई निरन्तरता दिइनेछ ।

- कोभिड १९ का कारण विद्यार्थी, गर्भवती महिला, जेष्ठ नागरिक, आर्थिक अवस्था कमजोर भएका व्यक्ति, अपांगता भएका व्यक्ति, डिप्रेसनमा रहेका व्यक्ति तथा मनोपरामर्श आवश्यक पर्ने व्यक्तिहरुलाई विकास साझेदारहरुसँगको समन्वयमा मनोपरामर्श सेवा उपलब्ध गराउन पहल गरिनेछ ।

## (ग) पुर्वाधार विकास :-

*(ग१) स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल*

- ग्रामिण सडकहरुको स्तरोन्नती गर्दा अनिवार्य रुपमा नाली निर्माण र आवश्यकता अनुसार वाल निर्माण गर्नु पर्ने नीतिलाई कडाईका साथ कार्यान्वयनमा ल्याईने नीतिलाई निरन्तरता दिँदै पहिरो जाने संभावित स्थानमा बायोइन्जिनियरिङ्ग प्रविधिबाट रोकथाम गरिनेछ ।

- सडकहरुको बर्गिकरण र स्तरीकरण गर्न "गाउँपालिका यातायात गुरुयोजना" तर्जुमा गर्न पहल गरिनेछ ।

- ग्रामिण सडकहरुको स्तर निर्धारण तथा मापदण्ड तयार गरी सवै सडकहरुको लगतकट्टा गर्न पहल गरिनेछ ।

- वर्षेनी गरिने पटके मर्मत गर्ने कार्यलाई निरुत्साहित गर्दै दीगो मर्मत सम्भारको नीति अबलम्बन गरिने छ, जसमा उपभोक्ता समितिहरुलाई पनि उत्तिकै जिम्मेवार बनाइनेछ ।
- भौतिक पूर्वाधारहरु निर्माण गर्दा तोकिएको मापदण्ड कायम गर्न कडाइका साथ अनुगमन प्रणालीलाई सशक्त बनाइनेछ ।
- उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत निर्माण गरिने भौतिक पूर्वाधारहरुको निर्माण कार्यमा अनावश्यक ढिला सुस्ती गर्ने, गुणस्तरहीन काम गर्ने उपभोक्ता समिति र निर्माण व्यवसायीलाई दण्डित गरिने, कालोसुचिमा राख्ने, भविष्यमा कुनै यस्तो कार्य गर्न अयोग्य ठहराउन सक्ने, जमानत जफत गर्ने जस्ता कार्यहरु मार्फत नियमन गरिनेछ ।
- गाउँपालिकास्तरीय ठूला प्रकृतिका विकासका पूर्वाधारहरुको कार्यान्वयनका लागि केन्द्रिय र प्रदेश सरकारसँग आवश्यक समन्वय गरी अग्रसरता लिइनेछ ।
- पूर्वाधार विकासका योजनाहरुमा न्युनतम १० प्रतिशत जनसहभागिता अनिवार्य जुटाउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- तोकिएको जनसहभागितामा नजुटाउने उपभोक्ताहरुको योजनाको अन्तिम भुक्तानी गर्दा लागत सहभागिता वापतको रकम कट्टा गरी मात्र भुक्तानी गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
- आगामी आ.व. देखि रु. विस लाखभन्दा बढीका भौतिक पूर्वाधारका आयोजनाहरु ठेक्का मार्फत सञ्चालन गरिनेछ । तर, प्राकृतिक विपद तथा अन्य विविध कारणले ठेक्का मार्फत गर्न नसकिएमा अन्य बैकल्पिक माध्यमबाट आयोजना सञ्चलन गरिनेछ ।
- पूर्वाधार आयोजनाहरुको लगत इष्टिमेट तयारी, अनुगमन तथा परीक्षणमा सहजता ल्याउन न्यूनतम आवश्यक पर्ने इन्जिनियरिङ्ग सामग्रीहरु खरीद गरिनेछ ।
- आगामी आ.व.मा विकास निर्माणमा गुणस्तर कायम गर्न गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गरिनेछ ।

***(ग२) सिंचाई***

- गाउँपालिका क्षेत्रभित्र रहेको सिंचाई कुलोहरुको मर्मत संभार गरी बाह्रै महिना सिंचाई सुविधा पुऱ्याउने कार्यलाई उच्च प्राथमिकता दिईनेछ ।
- गाउँपालिकाका कृषि योग्य भूमीमा सिंचाइको लागि श्रोतको खोजी गदै नहर, कूलोवाट सिञ्चाई हुन नसक्ने स्थानमा लिफ्ट सिञ्चाइ, पलाष्टिक पोखरी जस्ता कार्यक्रमलाई प्राथमिकता दिई क्रमिक रुपमा सिञ्चाई सुविधा पुर्याइनेछ ।
- सम्भावित नयाँ सिंचाई आयोजनाहरु निर्माण गरी थप जग्गामा सिंचाई सुविधा पुऱ्याई कृषि उत्पादनमा बृद्धि गर्दै जाने नीति अबलम्बन गरिनेछ ।

- कृषि क्षेत्रको विकासको लागि कृषि योग्य जमिनमा उपलब्धताका आधारमा सिंचाइको व्यवस्था गदै लगिनेछ ।

*(ग३) भवन तथा शहरी विकास*

- गाउँपालिका क्षेत्रमा नयाँ घर निर्माण गर्दा नक्सापास सहित भवन निर्माण सम्बन्धी नक्सापास मापदण्ड २०७८ लाई पूर्ण रुपमा पालना गर्न अभिप्रेरित गरिनेछ ।
- गाउँपालिका घोषणा हुनु अघि बनेका घरहरुलाई समेत गाउँपालिकाले निर्धारण गरेको मापदण्डमा नक्सापास गरी अभिलेखीकरण गर्न नयाँ घर निर्माणमा लाग्ने सरह शुल्क लिएर मात्र नियमित गरिनेछ ।
- भवन निर्माण सम्पन्नताको प्रमाणपत्र दिदाँ सार्वजनिक स्थलमा रहेको निर्माण सामाग्रीहरु हटाएपछि मात्र प्रमाणपत्र उपलब्ध गराइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र निर्माण वा विकास गरिने भौतिक पूर्वाधारहरु महिला मैत्री, नागरिक मैत्री, अपाङ्गमैत्री तथा वातावरण मैत्री र बालमैत्री  बनाइनेछ ।

*(ग४) उर्जा*

- गाउँपालिका क्षेत्रका सार्वजनिक चोक तथा धार्मिक स्थलहरुमा सौर्य वत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- बैकल्पिक उर्जाको रुपमा सुधारिएको चुल्हो तथा बायोग्यासको प्रवर्द्धन गरी धुवाँरहीत भान्छाघर अभियान चलाइनेछ ।

*(ग५) सञ्चार*

- गाउँपालिकाका सबै वडाहरुलाई प्रविधिमैत्री बनाउन वडा कार्यालयहरुमा आवश्यक सूचना प्रविधि पुर्वाधार तथा सो सम्बन्धी दक्ष जनशक्ति ब्यवस्थापनमा जोड दिईने छ ।
- नेपाल टेलिकम तथा अन्य सेवा प्रदायक संस्थाहरुसंग समन्वय तथा सहकार्य गरी गुणस्तरीय र भरपर्दो मोबाइल तथा इन्टरनेट सेवाको सुनश्चितता गरिनेछ ।

## (घ) वातावरण तथा विपद ब्यवस्थापन :-

*(घ१) वन तथा भू - संरक्षण*

- भिरालो भुबनोटका कारण हुनसक्ने बाढि पहिरो, भुक्षय जस्ता प्रकृतिक प्रकोपको जोखिमलाई न्युन गर्न दिगो भु-संरक्षण नीति अवलम्वन गरिनेछ ।
- डढेलो लगायत वन विनासप्रति नागरिकलाई सचेत गराई वन संरक्षणमा सबैलाई सहभागिता गराइनेछ ।
- पहिरो गएको स्थान तथा पहिरोको जोखिम रहेको स्थानमा आवश्यक पूर्वाधार निर्माण गरी क्षति न्यूनिकरण गर्ने उपाय अबलम्बन गरिनेछ ।

- वातावरणीय परीक्षण मूल्यांकन र त्यसका सिफारिशलाई अनिवार्य कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।
- सम्भावित प्राकृतिक प्रकोपहरुको जोखिम नक्सांकन गरी सोही बमोजिम उत्थानशील विकासमा जोड दिइनेछ ।
- खोला खोल्साको किनार लगायत जोखिम क्षेत्रमा बाँस, निगालो खेती तथा बायोइञ्जिनियरिङ तथा किफायती एवम् प्रभावकारी उपायमामा जोड दिइनेछ ।
- सडक क्षेत्र, सार्वजनिक स्थल, नदी किनार, वनक्षेत्र लगायत निजी क्षेत्रमा समेत वृक्षारोपण गरि हरियाली प्रवर्द्धनमा जोड दिइनेछ ।
- गाउँपालिका क्षेत्र भएर वहाव हुने तादी, दोर्खु, घट्टे खोला र अन्य खहरे खोला खोल्सीमा सघन रुपमा नदि नियन्त्रण कार्यक्रम संचालन गरिनेछ ।

***(घ२) वातावरण संरक्षण र जलवायु परिवर्तन***

- **"सफा र सुन्दर तादी : स्वच्छ र हरियाली"** भन्ने नारासहित वातावरण संरक्षणका विविध कार्यक्रमहरु संचालन गरिने छ ।
- जनचेतना अभिवृद्धि गरी प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थ जथाभावी फाल्ने प्रवृत्तिलाई नियन्त्रण गर्न नीतिगत तथा व्यवहारिक उपायहरु अवलम्बन गरिनेछ ।
- टोलस्तरीय विपद् व्यवस्थापन समितिहरूलाई परिचालन गरी समुदाय र टोल सरसफाइका काम नियमित रुपमा सञ्चालन गरिनेछ ।
- तादी गाउपालिकाका हरेक योजना तथा कार्यक्रमहरुमा वातावरण तथा पर्यावरण र जलवायुमैत्री पूर्वाधार विकासमा जोडदिइनेछ ।
- जलवायु परिवर्तनको प्रभावबाट पर्ने असरहरुबाट बच्ने उपायका सम्बन्धमा विकास साझेदारहरुसँगको सहकार्यमा अभिमुखीकरण कार्यक्रम आयोजना गर्न पहल गरिनेछ ।
- "प्रदुषण गर्नेले तिर्नु पर्छ" भन्ने सिद्धान्त अनुरुप जवाफदेहि बनाई प्रदुषण गर्ने व्यक्ति तथा उद्योग वा व्यवसायलाई करको दायरामा ल्याईनेछ ।

***(घ३) फोहरमैला तथा ढल व्यवस्थापन***

- वातावरण स्वच्छताका लागि सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्धन गर्ने नीति लिइनेछ ।
- सार्वजनिकस्थल, पानी पँधेरा, सडक किनारा, नदी क्षेत्र तथा वनजंगल क्षेत्रमा  फोहर फाल्न निषेध गरिएको छ । जथाभावी फोहरमैला गरेमा कानून वमोजिम कारवाही गरिनेछ ।
- बजार क्षेत्रहरुको फोहरमैला व्यवस्थापनका लागि स्थानीय क्लबहरुलाई परिचालन गरी व्यवस्थापन गर्ने नीति अबलम्बन गरिनेछ ।

### *(घ४) विपद् व्यवस्थापन*

- विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ कोरोना भाईरस लगायत अन्य महामारीको कारणबाट उत्पन्न हुने जोखिम न्यूनिकरणका लागि आवश्यक सतर्कता अपनाईने छ, साथै गाउँबासीमा रहेको त्रास/भयबाट मुक्त गर्न हरसम्भव प्रयत्न गरिनेछ। विपद्को पहिचान गर्न र त्यसको क्षतिको न्यूनिकरण गर्नको लागि क्षेत्रगत रणनीति अवलम्बन गरी कार्यान्वयनमा ल्याइनेछ।

- बिपद व्यवस्थापनलाई स्थानीय सरकारको मुख्य जिम्मेवारीको रुपमा लिई स्थापना गरिएको विपद व्यवस्थापन कोषलाई निरन्तरता दिँदै प्रभावकारी काम गर्न विपद् व्यवस्थापनका क्षेत्रमा काम गर्ने विकास साझेदार संस्थाहरुसंग सहकार्य गरिनेछ।

- वस्तीस्तरमा विपद् व्यवस्थापन समिति तथा कार्यदलहरू गठन गरिनेछ साथै संभावित विपद जोखिम न्यूनिकरणका लागि गाउँपालिकाका सबै वडमा प्राकृति प्रकोप जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिको प्रतिनिधिलाई गाउँ, वडा तथा वस्तीस्तरीय कार्यक्रमहरूमा अनिवार्य रुपमा सहभागी गराई विपद् व्यवस्थापनलाई मूल प्रवाहीकरण गर्न उत्प्रेरित गरिनेछ।
- विपद्बाट हुनसक्ने क्षतिको तत्काल उदार, राहात र पूनर्स्थापनाका लागि आवश्यक जनशक्ति, सामाग्री र श्रोतको परिचालन गरिनेछ।
- विकास साझेदार निकायहरुसँगको सहकार्यमा विपद न्यूनिकरण तथा विपद् व्यवस्थापन कार्ययोजना तयार गर्न पहल गरिनेछ।

### *(घ५) प्राकृतिक श्रोतहरुको संरक्षण र व्यवस्थापन*

- विकास साझेदारहरुसँगको सहकार्यमा गाउँपालिकाको भूगोल नक्सा (Physical map) प्रकाशन गरी संभाव्य प्राकृतिक श्रोत र साधन, खानी तथा खनिज, जंगल, वन्यजन्तुको नक्सांकन गर्न पहल गरिनेछ।

- पानीको श्रोत, मुहान, पोखरी, तलाउ, ऐतिहासिक, संस्कृतिक तथा धार्मिक सम्पदा एवं जैविक विविधताको संरक्षण गर्ने नीति लिइनेछ।

- वन पैदावार, ढुंगा, बालुवाको चोरी निकासीलाई नियन्त्रण गरी करको दायरामा ल्याइनेछ।

- सिमसारको उचित संरक्षण, व्यवस्थापन र प्रवर्द्धन गरिनेछ।

## (ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

### *(ङ१) संगठन तथा क्षमता विकास र सामान्य सेवा*

- **"स्थानीय सरकार : जनताको नजिकको सरकार"** लाई यथार्थतामा रुपान्तरण गर्न गाउँपालिका बाट प्रदान गरिने सेवालाई छिटो, छरितो तथा प्रविधि मैत्री बनाईनेछ ।
- आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी कार्यविधि तर्जुमा गरी गाउँपालिकाको प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै लगिनेछ ।
- गाउँपालिकाका कर्मचारीको कार्य सम्पादन मुल्याङ्कन गर्ने परीपाटीको विकास गरी पूर्ण जिम्मेवार बहन गर्ने कर्मचारीको उचित मूल्याङ्क गरी पुरस्कृत र नगर्ने कर्मचारीलाई कारवाही गर्ने परिपाटीको विकास गरिनेछ ।
- कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि आवश्यक तालिम तथा भ्रमणको व्यवस्था गरिनेछ ।
- अध्यक्ष र प्र.प्र.अ. का विच कार्य सम्पादन संझौता तयार गरी कार्यान्वयनमा ल्याउने कार्यको थालनी गरिनेछ ।
- भ्रष्टाचार, अनियमिता तथा ढिलासुस्ती प्रति शून्य सहनशीलताको नीति अवलम्बन गरी संविधान प्रदत्त सूचनाको हक सम्बन्धी कानूनको पूर्ण सम्मान र  पालना गर्दै सार्वजनिक पहूँचको अवधारणामा प्रशासन सञ्चालन गरिनेछ ।
- विकास कार्यमा समुदायको सहभागिता बृद्धि गर्न, वडास्तरका आयोजना संचालन गर्न र संचालित आयोजना संचालन प्रक्रिया तथा गुणस्तरमा समुदायको निगरानी बढाउन वडा भित्रका प्रत्येक टोलमा टोल सुधार समिति गठन गरी परिचालन गरिनेछ ।
- आफ्नो स्वामित्वमा रहेको, अन्य सरकारी र सार्वजनिक सम्पत्ती (जग्गा, भवन तथा अन्य भौतिक संरचना) को अभिलेख तयार गरी संरक्षण र सार्वजनिक हित तथा आयस्रोत लागि व्यवस्थापन गरिनेछ ।
- स्थानीय सरकारको क्षमता विकास लेखाजोखा पश्चात तयार गरिएको कार्य योजना पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गरी कार्यान्वयन गरिनेछ ।
- करार सेवामा कार्यरत कर्मचारीहरुलाई आगामी आ.व.मा निरन्तरता दिइनेछ ।

### *(ङ२) श्रोत परिचालन तथा व्यवस्थापन*

- कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, नियम तथा कार्यविधिबारे जनप्रतिनिधि, कर्मचारी र करदारताको क्षमता विकास गरिनेछ ।

- स्थानीय आन्तरिक राजस्व परिचालनको संभाव्यता अध्ययन, विश्लेषण, तथा नियमित छलफल गरिनेछ साथै करका दरहरुलाई समय सापेक्ष परिमार्जन गदै करको दायरा बृद्धि गर्दै लगिनेछ ।
- प्राकृति स्रोत तथा नदीजन्य पदार्थहरु ढुंगा, गिट्टी, बालुवा आदीको सार्वजनिक बोलपत्रको माध्यमबाट संकलन र विक्री वितरण व्यवस्था मिलाइनेछ ।
- करको दायरामा नआएका क्षेत्रहरुलाई करको दायरामा ल्याइनेछ । यसको लागि आगामी आर्थिक वर्षमा नै आन्तरीक राजश्व अभिबृद्धि सुझाव तथा कार्यदल बनाई कार्य गरिनेछ ।
- आगामी आर्थिक वर्ष २०७८।०७९ देखि सम्पती करलाई व्यवस्थित गरी कार्यान्वयन गरिनेछ । यसको लागि एक कार्यदल गठन गरि कार्य प्रारम्भ गरिनेछ ।
- घर बाहल करलाई आन्तरिक श्रोतको अभिन्न अंगको रुपमा विकसित गरि बजारक्षेत्र भित्रको व्यवसायिक प्रयोजनको लागि घर भाडामा लगाइएको घरको कोठाको न्यूनतम घरभाडा कायम गरि तोकिएको दरमा बहाल कर लिइनेछ ।
- पालिकामा आवधिक रुपमा सबैभन्दा बढी कर तिर्ने करदाता तथा बढी कर संकलन गर्ने वडालाई पुरस्कृत गरिनेछ ।
- गाउँवासीको आर्थिक अवस्था सुदृढ गर्न कृषि सम्वन्धी साप्ताहिक हाट बजारको व्यस्था गरी कृषि उपज विक्रि वितरण गर्ने प्रवन्ध मिलाईने छ । सो बजारमा विक्री हुने सबै प्रकारका कृषि उत्पादनलाई राजश्व सहुलियत प्रदान गरिनेछ ।
- आगामी आ.व.मा यस पालिका भित्र गरिने विकास निर्माण कार्य गर्दा जिल्ला दररेटलाई आधार मानि विकास निर्माणका कार्यहरु सञ्चालन गरिनेछ ।

***(ङ३) शान्ति सुरक्षा***

- गाउँपालिका क्षेत्रभित्रको सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउन ईलाका प्रहरी कार्यालय संग समन्वयगरी सुरक्षा गस्ति बढाइनेछ साथै गाउँपालिकाका प्रत्येक वडामा अस्थायी प्रहरी पोष्ट स्थापनाका लागि पहल गरिनेछ ।
- गाउँपालिकाभित्रको सार्वजनिक आवगमन सुव्यवस्थित गर्न र विभिन्न चाडपर्व, मेला, महोत्सव, प्रर्दशनी इत्यादिको व्यवस्थापन सुरक्षा निकायसँगको समन्वय गरिनेछ ।
- सबै प्रकारका लागू औषध तथा दुर्व्यासनी र मादक पदार्थ सेवनलाई निरुत्साहित गरिनेछ ।
- शैक्षिक संघसंस्था तथा ऐतिहासिक, धार्मिक स्थलहरुको १०० मिटर आसपासमा मादक पदार्थ तथा सूर्तिजन्य पदार्थहरुको बिक्री वितरण र सेवनमा पूर्णतः रोक लगाइनेछ ।

- १८ वर्षभन्दा मुनिका बालबालिकालाई धुम्रपान र मध्यपान सेवन गर्न तथा बिक्री वितरणमा पूर्णतया निषेध गरिनेछ र बालबालिकाहरुलाई खैनी सूर्ती मदिरा विक्री वितरण गर्ने व्यापारिहरुलाई दण्डित गरिनेछ ।
- महिला हिंसाको मुख्य कारण मदिरा सेवन भएको तथ्यलाई मध्यनजर गर्दै धार्मिक परम्पराका लागि बाहेक घरेलु मदिरा उत्पादन तथा विक्रि वितरणमा पुर्णतया रोक लगाइनेछ ।
- यस गाउँपालिका क्षेत्रभित्र शसस्त्र प्रहरीको स्थायी पोष्ट स्थापना गर्न आवश्यक पहल गरिएको छ ।

*(ङ४) सूचना प्रविधि*

- सूचना प्रविधिको माध्यबाट गाउँपालिकामा सेवाग्राहीको गुनासो लिने र सम्बोधन गर्ने परिपार्टीको विकास गरिनेछ ।
- वडा कार्यालयको सुरक्षार्थ सबै वडामा सिसिटिभी जडान गरी नियमित अनुगमनको व्यवस्था मिलाइनेछ । साथै सबै वडा कार्यालयमा एकीकृत डिजिटल नागरिक बडापत्र, डिजिटल सूचना पाटी तथा जनगुनासो प्रणालीको स्थापना गरिनेछ ।
- गाउँपालिका तथा प्रत्येक वडामा राजस्व सम्बन्धी सफ्वेयर जडान गरी ई विलिङ्ग प्रणालीको शुरुवात गरिनेछ ।
- गाउँपालिकाबाट सार्वजनिक गरिनु पर्ने आवश्यक सूचना तथा जानकारी नियमित रुपमा कार्यालयको वेभ साइटमा उपलब्ध गराइनेछ ।
- बैठकको कार्यसूची सहित सभाको बैठकका लागि ७ दिन र कार्यपालिकाको बैठकका लागि ३ दिन अगावै सदस्यहरुलाई जानकारी गराइनेछ ।
- सूचनाको हक सम्बन्धी कानून बमोजिम सेवाग्राहीले मागेका विवरणहरु समयमै उपलब्ध गराइनेछ ।
- विकास निर्माण कार्यमा स्वच्छ प्रतिस्पर्धा गराउन ई विडिङ प्रक्रियालाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाले सम्पादन गर्ने गतिविधिहरुको आवधिक रुपमा गतिविधिहरु संचारका विभिन्न माध्यमकद्धारा प्रशारण गरिने व्यवस्था मिलाइनेछ ।
- सबै सामुदायिक विद्यालय र स्वास्थ्य चौकीहरुमा ब्रोडव्याण्ड इन्टरनेट सेवा जडान तथा सञ्चालन हुने व्यवस्था मिलाइनेछ, जसका लागि दुर सञ्चार प्राधिकरणसँग सम्झौता भै सकेको छ ।
- सूचना अधिकारी मार्फत मात्र सूचना उपलब्ध गराईने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

*(ङ५) पञ्जिकरण*

- व्यक्तिगत घटना दर्ता प्रणालीलाई कम्प्युटरकृत प्रणालीमा आवद्ध गरी बैज्ञानिक अभिलेख पद्धतीलाई निरन्तरता दिँदै वडा कार्यालयबाटै यस्तो सुविधा उपलब्ध गराउने तर्फ आवश्यक पूर्वाधार र जनशक्तिको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्रै घटना दर्ता गर्न प्रोत्साहन गर्ने खालका प्रचार प्रसारका कार्यक्रम तथा शिविर सञ्चालन गरिनेछ ।
- बैंकबाट सामाजिक सुरक्षा भत्ता वितरण कुनै समस्या आए सम्बन्धित शाखाबाट तुरुन्त सहजीकरण गरिने व्यवस्था मिलाइनेछ ।

*(ङ६) स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन*

- गाउँपलिकाको पार्श्वचित्र अद्यावधिक गरिनेछ ।
- स्थानीय अभिलेख व्यवस्थापनका लागि नीति, कानुन, मापदण्ड, योजना, बनाई त्यसलाई कार्यान्वयन र नियमन गरिनेछ ।
- स्वीकृत नीति, ऐन, नियम, कार्यविधिको प्रवोधीकरण, प्रकाशन, प्रसारण र वितरण गरिनेछ ।
- आफनो क्षेत्रभित्र रहेको जनसंख्या भाषा , संस्कृती , प्राकृतिक श्रोत, भौतिक पुर्वाधार, सम्पत्ती, रोजगार, संचार र सुकुम्बासी  जस्ता अत्यावश्यक तथ्याङकहरुलाई संकलन तथा अध्यावधिक गरी अभिलेखिकरण गरिनेछ ।
- जन्म, मृत्यु, बसाइसराई, बिवाह सम्बन्ध विच्छेद लगायत व्यक्तिगत घटना तथा विवरणहरुको अनिवार्य रुपमा दर्ता गरी अभिलेखिकरण गर्नुका साथै त्यस्ता तथ्याङकहरुको विशषलेषण गरी योजना तर्जुमा र कार्यक्रम निर्माणमा उपयोग गरिनेछ ।

*(ङ७) सुशासन प्रवर्द्धन*

- स्थानीय सरकारको अधिकार क्षेत्रका विषयमा ऐन, नीति, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड आदी तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- गाउँपालिकाका काम कारवाहीलाई पारदर्शि बनाईने छ । डिजिटल नागरिक वडापत्र, गुनासो सुन्ने प्रभावकारी संयन्त्रको ब्यवस्था गरी नागरीकलाई सुशासनको अनुभुति दिलाउने गरी कार्य संचालन गराईने छ ।
- गाउँपालिकाबाट प्रदान हुने सेवाहलाई पारदर्शी जवाफदेही, नियमित, मितव्ययी बनाईनेछ । यसका लागि जवाफदेहीता विभिन्न औजारहरु सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, खर्च सार्वजनिकीकरण, गुनासो व्यवस्थापन, लैङ्गिक उत्तरदायी बजेट तर्जुमा र  विश्लेषण जस्ता विधि अपनाईनेछ ।

- गाउँपालिका तथा वडाहरुबाट प्रवाह भएका सेवाहरुमा सम्पादन हुन नसकेका कार्यहरुको सेवाग्राहीबाट पृष्ठपोषण लिने व्यवस्था मिलाई त्यसको सुनुवाईको व्यवस्था मिलाइनेछ ।
- प्रत्येक योजना तथा कार्यक्रममा उपभोक्ताहरुको छुट्टै अनुगमन समिति, प्रत्येक वडामा वडा समिति र गाउँपालिकामा गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गठित अनुगमन समिति गरी तीन तहको अनुगमन संयन्त्रवाट सवै योजना तथा कार्यक्रमहरुको अनुगमनको व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका सबै वडा कार्यालयमा सेवाग्राहीले सहज र सरलरुपमा नागरिक बडापत्र देख्ने गरी नागरिक बडापत्रको व्यवस्थ गरिनेछ ।
- सेवाग्राहीमैत्री सुशासनको लागि शोधपुछ कक्ष, सहायता कक्ष तोकि सेवालाई प्रवाभकारी बनाइनेछ साथै नियमित रुपमा गुनासो पेटिका खोली प्राप्त गुनासालाई सम्बोधन गरिनेछ ।
- उत्कृष्ट कार्य गर्ने उपभोक्ता समिति तथा निर्माण व्यवसायीलाई उचित पुरस्कारको व्यवस्था गरिनेछ ।

### *(ङ९) समन्वय र सहकार्य*

- स्थानीय तहहरुसँगको समन्वय र सहकार्यमा संघ, प्रदेश र स्थानीय तहबीच संघीयताको कार्यान्वयन तथा सवलीकरणको सवालमा साझा मञ्चमा छलफल गर्ने वातावरण श्रृजना गरिनेछ ।
- गाउँपालिकाबाट सञ्चालन हुने कार्यक्रमहरुलाई दीगो विकासका लक्ष्यहरुसँग सामाञ्जस्यता मिलाई स्थानीयकरणमा जोड दिइनेछ ।
- अन्तर स्थानीय तहबीचको समन्वय र सहकार्यमा गर्न सकिने साझा हीतका आयोजना संचालन गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।
- गाउँपालिकामा कार्यक्रम स्वीकृत गराएका विकास साझेदारहरुसँग आवश्यक सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ भने, गाउँपालिकामा समन्वय नगरी यस क्षेत्रमा कार्यक्रम सञ्चालनको लागि रोक लगाइनेछ ।
- जोखिममा परेका वर्गहरुको आर्थिक अवस्था सुदृढ गर्ने खालका जीविकोपार्जनका गतिविधिहरु जस्तै टनेल खेती, विऊ वितरण, पशु पंक्षी पालन व्यवसाय आदी, घरेलु तथा साना व्यवसायीहरुलाई व्यवसायिक योजना तर्जुमा, उनीहरुलाई बैंकसँगको पहुँचमा पुर्याउने, GIS System को प्रयोग र विस्तार, ऐन कानूनहरु मस्यौदा, विभिन्न कार्ययोजना तयारी लगायत अन्य अध्ययन र अनुसन्धानका कार्यहरु पूर्णिमा कार्यक्रमसँगको समन्वय र सहकार्यमा गरिनेछ ।
- समान सोच, उद्देश्य, लक्ष्य राख्ने गाउँपालिकासँग अनुभव आदान प्रदान गर्न भगिनी सम्बन्ध राख्न पहल गरिनेछ ।

- गाउँपालिकाको समग्र विकासका लागि सामाजिक संघ संस्थाहरुसंगको सहकार्यलाई समेत जोड दिइनेछ ।

**सम्मानित सभाका सदस्य ज्यूहरु :-**

प्रस्तावित नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा आफ्ना अमुल्य सुझावहरु प्रदान गरी सहयोग गर्नुहुने उपाध्यक्षज्यू, गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, योजना सल्लाहाकारज्यू, स्थानीयवासी दिदी वहिनी तथा दाजुभाइहरु, विभिन्न राजनैतिक दलका मित्रहरु एवं नीति तथा कार्यक्रमको यो मस्यौदा तर्जुमा प्रक्रियामा निरन्तर कार्य गर्ने कर्मचारी मित्रहरुलाई हृदय देखिनै धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।